आज मिति २०८० जेष्ठ ०६ गतेका दिन टीकापुर नगरपालिकाका प्रमुख श्री राम लाल डगौरा थारुको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको पन्धौ (१५/०७९-८४) बैठकको उपस्थिती देहाय बमोजिम रह्‍यो ।

| क्रसं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री रामलाल डगौरा थारु | |
| २ | नगर उप-प्रमुख | श्री खडक बहादुर शाह | |
| ३ | सदस्य | श्री मोहन लुहार (वि.क.) | |
| ४ | सदस्य | श्री दीपक चौधरी | |
| ५ | सदस्य | श्री ऋषि वि.क. | |
| ६ | सदस्य | श्री लालविर चौधरी | |
| ७ | सदस्य | श्री बलविर थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री यज्ञ प्रसाद न्यौपाने | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री सरस्वती तिरुवा | |
| १३ | सदस्य | श्री रुपमती ड. थारु | |
| १४ | सदस्य | श्री कैलास पति चोधरी | |
| १५ | सदस्य | श्री राजरानी चौधरी | |
| १६ | सदस्य | श्री लवरी चौधरी | |
| १७ | सदस्य | श्री दिपक बहादुर निशानी | |
| १८ | सदस्य | श्री मन्जु वि.क | |
| १९ | सदस्य | श्री राम बहादुर नगार्जी | |
| | | | |
| १ | सचिव | प्रमुख प्रशासकीय अधिकृत श्री मंगल बहादुर शाही | |



Scanned with CamScanner

## कार्यपालिका बैठकको निर्णय

(मिति : २०८०/०२/०६ गते)

१८औं कार्यपालिका बैठकको निर्णय

विषय सूची :-

१ :- आमामी आ.व. ०८०/०८१ को प्रारम्भिक वजेट सम्वन्धमा ।

२ :-योजना तथा कार्यक्रम संशोधन सम्वन्धमा ।

३ :- रकम भुक्तानी सम्वन्धमा ।

४ :- ठेक्का प्रकियाको वचत रकम सम्वन्धमा ।

५ :- कार्य विधि स्वीकृत सम्वन्धमा ।

६ :- नगर विकास कोष सँगको लागत साझेदारी अन्तर्गत आयोजना तथा कार्यक्रम छनौट सम्वन्धमा ।

७ :-मेयर संग युवा खेलकुद कार्यक्रम सम्वन्धमा ।

८ :- आयोजनाको म्याद थप सम्वन्धमा ।

९ :- वैदेशिक भ्रमण सम्वन्धमा ।

१०:- योजना तथा कार्यक्रम सन्चालन सम्वन्धमा ।

११ :- विद्यालयहरुको शैक्षिक सत्र २०८० वाट कक्षा तथा तह थप सम्वन्धमा ।

निर्णय :

निर्णय नं. १ :- आमामी आ.व. ०८०/०८१ को लागि अनुमानित आय तथा ब्यय तथा बजेट तर्जुमा सम्वन्धमा देहाय वमोजिम गर्ने ।

क) यस नगर पालिकाको राजश्व परामर्श समितिको मिति २०८० वैशाख २५ को निर्णय सिफारिसको आधार,संघिय सरकारवाट प्राप्त हुने शसर्त तथा निशर्त अनुदान,राजस्व बांडफांडवाट प्राप्त हुने आय ,ऋण तथा अनुदान सहयोगसहयोगको आधारमा चालु आ.व २०८०/०८१ को कुल वजेट सीमा देहाय निम्नानुसार तय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

तपसिल :

| आ व २०८०/०८१ राजश्व तथा अनुदान प्राप्तिकोअनुमान | | | |
|---|---|---|---|
| क्र स | श्रोत | रकम | कैफियत |
| १.० | **संघ सरकारबाट प्राप्त अनुदान** | | |
| १.१ | वित्तीय समानीकरण अनुदान | १८२९००००० | |
| १.२ | सशर्त अनुदान(चालू) | २६३४००००० | केन्द्रबाटकार्यक्रम बांडफांड भैसकेको |
| १.३ | सशर्त अनुदान(पूँजिगत) | ३१६००००० | केन्द्रबाटकार्यक्रम बांडफांड भैसकेको |
| १.३ | राजश्व बाँडफाँड | १४१२५५००० | |
| १.४ | विशेष अनुदान | २००००००० | केन्द्रबाटकार्यक्रमछनौट भैसकेको |
| १.५ | समपुरक अनुदान | ८०००००० | केन्द्रबाटकार्यक्रमछनौट भैसकेको |
| १.६ | राष्ट्रिय वनबाट प्राप्त हुने रोयल्टी | २२६२००० | |
| २.० | प्रदेश सरकार बाट अनुदान: | | |
| २.१ | वित्तीय समानीकरण अनुदान | १६७२५००० | |
| २.२ | राजश्व बांडफांड | ९७४६००० | |
| २.३ | प्रदेशसमपुरक अनुदान | २५००००० | |
| २.४ | प्रदेशविशेष अनुदान | ४५००००० | |
| ३.० | आन्तरिक स्रोत | | |
| ३.१ | आन्तरिक राजश्व | ७४४७६५६० | |
| ३.२ | मालपोत रजिस्ट्रेशन शुल्क | ३७५००००० | |
| | कुल जम्मा रु. | ७९४८६४५६० | |

१५ औं कार्यपालिका बैठकको निर्णय

ख) श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको मिति.२०८० वैशाख २५ गतेको निर्णय सिफारिसको निर्णय वमोजि आगामी आ व २०८०/८१को लागि तपशिल बमोजिमको संचित कोष बाटविनियोजन हुने वजेट सीमा निर्धारण गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल



Scanned with CamScanner

तपसिल :

| आ व २०८०/८१ राजश्व तथा अनुदान प्राप्तिकोअनुमान | | | |
|---|---|---|---|
| क्र स | श्रोत | रकम | कैफियत |
| १.० | **संघको ससर्त अनुदान बाट संचालन हुने कार्यक्रमहरुको बजेट** | २९५०००००० | केन्द्रबाटकार्यक्रम बांडफांड भैसकेको |
| २.० | केन्द्र र वडा कार्यालयका लागि कार्यालय संचालन तथा प्रशासनिक खर्च | १४८०००००० | |
| ३.० | संघ, प्रदेश वा अन्य निकायबाट प्राप्त हुने समपुरक अनुदान तथा अन्य साझेदारीकायोजना तथा कार्यक्रम हरुमा लागत साझेदारी | ४००००००० | |
| ४.० | नगरस्तरीययोजना नीति तथा कार्यक्रममा समावेशभएका , निरन्तरता दिनुपर्ने योजना र बहुबर्षीय योजना | ८३३००००० | |
| ५.० | वडा स्तरीय कार्याक्रम (९ वटै वडाका लागि तोकिएको सीमाका आधारमा विनियोजित बजेट) | ९६०००००० | |
| ६.० | विशेष अनुदानको योजना | २४५००००० | |
| ७.० | समपुरक अनुदानको योजना | १०५००००० | |
| ८.० | बिषयगत कार्यक्रम(शाखा,उप शाखाको लागि तोकिएको सीमाका आधारमा विनियोजित बजेट | २८५००००० | |
| ९. | नगर स्तरिय पुँजिगत बजेट | २६०६४५६० | |
| १० | नगर गौरव आयोजना एक वडा एक सडक | ७२०००००० | |
| ११ | दायित्व सिर्जना | ११०००००० | |
| | कुल जम्मा रु. | ७९४८६४५६० | |

२९ औं नगरपालिका बैठकको निर्णय

ग) सबै क्षेत्रहरुलाई वजेट विनियोजनमा समेटनको लागि तपशिल बमोजिमको वडा स्तरीय योजनाहरुको विषयगत क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल



Scanned with CamScanner

## वडा नं.१ देखि ९ सम्म,वडा स्तरीय योजनाको विषय गत क्षेत्रहरुको बजेटको सीमा

| वडानं १ देखि ९ सम्म<br>वडा स्तरीय योजनाको विषय गत क्षेत्रहरुको बजेटको सीमा : पाच करोड साठी लाख | | | | |
|---|---|---|---|---|
| सि न | विषयगत क्षेत्रहरु | भार प्रतिशत | कुल रकम रु | कैफियत |
| १ | पुर्वाधारविकास क्षेत्र | ५४ | ३०२४०००० | |
| २ | आर्थिक विकास क्षेत्र | २० | ११२००००० | |
| ३ | सामाजिक विकास क्षेत्र | २० | ११२००००० | |
| ४ | वातावरण तथा विपत व्यवस्थापन क्षेत्र | ३ | १६८०००० | |
| ५ | संस्थागत विकास , सेवा प्रवाह र सुशासन क्षेत्र | ३ | १६८०००० | |
| | जम्मा रु. | १०० | ५६०००००० | |

## आ.व २०८०/०८१ मा विषयगत/शाखा/उपशाखा/एकाईहरु मार्फत संचालनहुने कार्यक्रमका लागि निर्धारण वार्षिक बजेटको सीमा

| आव २०८०/०८१ मा विषयगत/शाखा/उपशाखा/एकाईहरु मार्फत संचालनहुने कार्यक्रमका लागि निर्धारण वार्षिक बजेटको सीमा | | | |
|---|---|---|---|
| क्र स | श्रोत | रकम | कैफियत |
| १.० | शिक्षा,युवातथा खेलकुद | ३० लाख | |
| २.० | स्वास्थ्य सेवा | ६५ लाख | |
| ३.० | कृषिसेवा | २० लाख | |
| ४.० | पशु सेवा | १० लाख | |
| ५.० | महिला बालबालिका तथा जेष्ठनागरिक | २० लाख | |
| ६.० | कानुन | १५ लाख | |
| ७.० | टीकापुरबंगाला पार्क | १५ लाख | |
| ८.० | आयुर्वेद औषधालय | ५ लाख | |
| ९.० | राजश्व | १० लाख | |
| १०.० | फोहरमैला व्यवस्थापन तथा वातावरण | १० लाख | |
| ११.० | सूचना प्रविधि तथा संचार | १० लाख | |

१९ औं कार्यपालिका बैठकको निर्णय

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १२.० | सहकारी,उधमशीलता, विकास र उपभोक्ता हित संरक्षण | १५ लाख | |
| १३.० | संस्थागत सुशासन | ५ लाख | |
| १५.० | सामाजिक सुरक्षा तथा पन्जिकरण | ५ लाख | |
| १६.० | पूर्वाधार विकाश शाखा | १० लाख | |
| | भुमिहिन सुकुम्बासी, भूमिहीन दलित तथा अब्यबस्थि बसोबासी ब्यबस्थापन | २० लाख | |
| | गैर सरकारी संस्था समन्वय | २० लाख | |
| | कुल जम्मा रु. | २ करोड ८५ लाख | |

१५ औं कार्यपालिका बैठकका निर्णय

निर्णय नं. २ : चालु आ.व. ०७९/०८० का लागि लागि स्वीकृत देहाय बमोजिमको आयोजना तथा कार्यक्रम आवश्यकताका आधारमा आगामी नगरसभा वैठकवाट अनुमोदन हुने गरी शंशोधन गर्ने।

तपसिल :

तपसिल :

| क. सं. | स्वीकृत आयोजना तथा कार्यक्रम | ठेगाना | विनियोजित बजेट | शंशोधन पश्चात कायम हुने आयोजना तथा कार्यक्रम | विनियोजित बजेट | शंशोधन गर्नुपर्ने कारण | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | सा[illegible]याँमा सामुदायिक भवन निर्माण | वडा नं. ३ | ४,००,००० | टी.न.पा. वडा नं. ३ स्थित रामपुर शहरी स्वास्थ्य केन्द्र देखि हिमालय मा.वि. घीया पुछरी सम्म जाने वाटोमा दाँया वाँया किनारामा माटो पटानी | ४,००,००० | भवन निर्माणका लागि समायाभाव रहेको र वडाको प्रमुख वाटो | |
| २ | हेभी ईक्यूपमेन्ट सम्वन्धी तालिम | वडा नं. १ | १,५०,००० | वडा नं. १ स्थित विभिन्न सडकहरुको खाल्डाखुल्डी मर्मत सम्भार | १,५०,००० | बर्षातको समयमा समस्या हुने गरेकोले | |

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल



Scanned with CamScanner

निर्णय नं. ३ : यस नगरपालिकाको आवश्यकताका आधारमा तत्काल कार्यान्वयन गरिएका , भुक्तानी हुन बाकि रहेका र विभिन्न संघसंस्थावाट माग/अनुरोध भई आएका देहाय बमोजिमका आयोजना तथा कार्यक्रममा चालु आ.व.२०७९/०८० मा विनियोजित तपसिल बमोजिमको शिर्षकवाट खर्च उल्लेख गर्ने ।

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | ठेगाना | रकम | सम्बन्धित शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं. ७ स्थित वेलुवा जाने कूलो मर्मत | वडा नं. ७, टी.न.पा | ३६,०००। | प्रकोप तथा विपद् व्यवस्थापन कोष | |
| २ | पद्म प्रकाशेश्र महादेव मन्दिर सत्तीको व्यवस्थापन खर्च | वडा नं.७ | १,५०,०००। | नगर भित्रका पर्यटकिय र सांस्कृतिक महत्वका क्षेत्र संरक्षण र प्रवधनका लागि व्यवस्थापन खर्च | |

निर्णय नं. ४ : क)चालु आ.व. ०७९/०८० का लागि स्वीकृत नारायणपुर स्थित वडा नं.६ को प्रशासनिक भवन निर्माण (अधुरो) ठे.नं.TMO|SQ|42|BUILD|2079|080 र वडा नं. ६ नारायणपुर स्थित वडा नं.६ को वडा कार्यालय परिषरमा माटो पटानी, ग्रावेल र पर्खाल निर्माण ठे.नं. TMO|SQ|50\Wall|2079|080.वाट वचत हुन आउने जम्मा रकम रु.३,८२,५७८।२९ (तीन लाख,वयासी हजार, पाँच सय अठहत्तर रुपैया ,पैशा उन्तीस ) बाट वडा कार्यालयको प्रशासनिक भवनमा ए.सी. जडानका लागि रु. १,२५,०००। (एक लाख, पच्चिस हजार) र बाँकि रकम रु. रु.२,५७,५७८।२९ (दुई लाख,सन्ताउन्न हजार, पाँच सय अठहत्तर रुपैया ,पैशा उन्तीस ) वडा कार्यालय परिसरको निर्माणाधिन घेरा पर्खालमा थप निर्माण कार्यका लागि विनियोजन गर्ने ।

ख) यस नगरपालिकाको एघारौ नगरसभावाट (एक वडा एक गौरव सडक कालोपत्रे निर्माण आयोजना) अन्तर्गत उर्दिपुर देखि मनिकापुर हुदै पहाडिपुर जाने बाटो कालोपत्रे निर्माण आयोजना,वडा नं५,कैलालीको ठेक्का नं NCB|11|ROAD|2079|080 बाट बचत हुन आउने जम्मा रकम रु. २६५२०.० (छब्विस हजार , पाँच सय वीस रुपैया) बाट वडा नं ५ को वडा कार्यालयको परिषरमा साईकल स्ट्याण्ड निर्माण गर्ने ।

१८औं कार्यपालिका बैठकका निर्णय

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल



Scanned with CamScanner

निर्णय नं. ५ :- यस नगरपालिकाको तपसिल बमोजिमको कार्यविधि स्वीकृत गरियो ।

१.टीकापुर नगरपालिकाको स्वास्थ्य संस्थाहरुलाई दिइने अनुदान खर्च सम्बन्धि कार्यविधि,२०८०

निर्णय नं. ६ :- आगामी आ.व. २०८०/०८१ का लागि नगर विकास कोष सँगको लागत साझेदारीमा कार्यान्वयन गर्न यस नगरपालिकाको शहरी पूर्वाधारका साथै आयमूलक योजनाका रुपमा महत्वपूर्ण रहेका तपसिल बमोजिमका आयोजना तथा कार्यक्रम छनौट गरी सिफारिस गर्ने ।

तपसिल :

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | स्मार्ट सिटी | टी.न.पा | |
| २ | फोहर व्यवस्थापन तथा फोहरमैला प्रशोधन केन्द्र | टी.न.पा | |
| ३ | पार्कमा डि.पी.आर. अनुसारको संरचना निर्माण | टी.न.पा | |
| ४ | सार्वजनिक हरित क्षेत्र | टी.न.पा | |

निर्णय नं. ७ : चालु आ.व २०७९/०८० का लागि स्वीकृत वजेट तथा कार्यक्रम अन्तरगत मेयर संग युवा खेलकुद कार्यक्रम शिर्षकवाट देहाय बमोजिमका कार्यक्रममा रकम विनियोजन गर्ने ।

तपसिलः

| क्र. सं. | कार्यक्रम / आयोजनाको नाम | ठेगाना | विनियोजित बजेट | कै. |
|---|---|---|---|---|
| १ | राष्ट्रव्यापि खुल्ला पुरुष भलिवल प्रतियोगिता संचालन | सिर्जनशील युवा समाज नेपाल, टीकापुर, कैलाली | १,००,०००। | |
| २ | व्याटमिन्टन प्रतियोगिता तथा भलिवल प्रतियोगिता संचालन | टीकापुर युवा क्लब ,टीकापुर, कैलाली | १,००,०००। | |
| ३ | व्याटमिन्टन प्रतियोगितासंचालन | टीकापुर वसपार्क युवा क्लब ,टीकापुर, कैलाली | ५०,०००। | |
| ४. | जिल्ला स्तरीय क्रिकेट प्रतियोगितामा सेहभागि टीमलाई टिम दर्ता शुल्क र व्यस्थापकिय खर्च | युथ अफ टीकापुर, टीकापुर कैलाली | ६०,०००। | |

१५ औं कार्यपालिका बैठकको निर्णय

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल



Scanned with CamScanner

निर्णय नं. ८ :-यस नगरपालिकाको चालु आ.व.०७९/०८० मा स्वीकृत कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयनको चरणमा रही सम्पन्न हुन नसकेका योजना तथा कार्यक्रमहरुको हकमा कार्य सम्पन्न अवधि एक पटकका लागि मात्र मिति २०८० असार १० सम्म थप गर्ने ।

निर्णय नं. ९ :- नेपालमा प्रभावकारी संघीय शासन प्रवर्द्धन (नेपाल) : कार्यक्रम अन्तर्गत क्वीन्सल्याण्ड युनिभर्सिटी अफ टेक्नोलोजी (QUT)'को तर्फवाट मिति 15 April 2023-30 April 2023 देखि अष्ट्रेलियामा संचालन हुने अष्ट्रेलिया अवार्ड सर्ट कोर्सको सहभागीको रुपमा यस नगरपालिकाको नगर उप प्रमुख श्री खडक वहादुर शाह मनोनयन हुनु भएकोमा उक्त अवधि भरको भ्रमण आदेश स्वीकृतका साथै नियमानुसार बैदेशिक भ्रमणका लागि उपलव्ध गराईने भ्रमण खर्च सम्वन्धमा कार्यपालिका कार्यालयको मिति २०८०/०१/०३ गतेको निर्णय अनुमोदन गरियो ।

निर्णय नं. १० :-चालु आ. व. ०७९/०८० का लागि स्वीकृत तपसिल बमोजिमको योजना तथा कार्यक्रमवाट आगामी नगरसभावाट अनुमोदन हुने गरी देहाय बमोजिम योजना तथा कार्यक्रम गर्ने ।

**तपसिल :**

**क)मर्मत सम्भार कार्य :**

| क.सं. | आयोजन तथा कार्यक्रमको नाम | आयोजना स्थल/ठेगाना | विनियोजित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | जमरापारी विशाल नगर र एकता नगर शिविर वस्तीका सडकहरुमा माटो पटानी तथा ग्राभेल ( । | वडा नं.१,टी.न.पा | ८,००,०००। | नगरपालिका क्षेत्र भित्रका विभिन्न सडकहरु मर्मत सम्भार गर्न नगरपालिकाका मेशनरी उपकरण ( व्याक हो लोडर, टीपर, टयाक्टर ) प्रयोग गर्ने र विनियोजित वजेट ईन्धनमा प्रयोग गर्ने |
| २ | विशालनगर काठेपुल देखि तिम्विरे गल्लि हुँदै देउवाकी घर देखि तर्क रेग्मीको घर सम्म र वन कार्यालय देखि लायकपुर शिवीर सम्म ग्राभेल | वडा नं.१,टी.न.पा | ५,००,०००। | |
| | जम्मा | | १३,००,०००। | |

२८ औं कार्यपालिका बैठकका निर्णय

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

ख) क्षमता अभिबृद्धि सम्बन्धी कार्य :

| क्र स | साविक कार्यक्रम शिर्षक | रकम | जम्मा संशोधन हुने रकम | नयाँ कार्यक्रम तथा बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | वालविकास तथा आधारभुत तह -कक्षा १) ५ (सञ्चालित विद्यालयहरुका लागि शिक्षणसँग सम्बन्धित शैक्षिक सामग्रि, कार्यालय व्यवस्थापन सामग्री तथा मातृभाषाका सन्दर्भ सामग्रीहरुको खरिद तथा वितरण | रु २,५०,०००।०० (दुई लाख पचास हजार मात्र) | रु. ४,५०,०००।०० *(चार लाख पचास हजार मात्र)* | *१. नमुना संसद अभ्यास कार्यक्रम सञ्चालनको लागि रु ६०, ०००।०० (साठि हजार मात्र)*<br>२. सामुदायीक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई केन्द्रिय तथा स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धि प्रबोधिकरणः रु ३,९०,०००।०० (तीन लाख नब्बे हजार मात्र) | १. टीकापुर बहुमुखि क्याम्पसमा BA LLB अध्ययनरत विद्यार्थीहरु द्वारा सञ्चालन गरिने<br>२. शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा सञ्चालन हुने र लगभग ४०० जना जति शिक्षकहरु लाभान्वित हुने |
| २ | कक्षा २ र ३ को स्थानीय पाठ्यपुस्तक लेखन छपाई तथा वितरण कार्यक्रम | रु २,००,०००।०० (दुई लाख मात्र) | | | |

निर्णय नं. ११ :-यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका विद्यालयहरु मध्ये कक्षा तथा तह थपको लागि अनुमति माग गरेका तपसिल वमोजिमका विद्यालयहरुलाई शैक्षिक सत्र २०८० वाट कक्षा तथा तह थप गरि सञ्चालनको अनुमति प्रदान गर्ने ।

औं कार्यपालिका बैठकको निर्णय

तपसिलः

| क्र.स. | विद्यालयको नाम | किसिम | तह | थप गर्न चाहेको कक्षा | शिक्षा समिति सिफारीस | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | त्रिपथ विद्या निकेतन टीकापुर, १ | संस्थागत | आधारभुत (६-८) | कक्षा ८ | अनुमति दिने (कक्षा ८) | शिक्षा समितिको |
| २ | कर्णाली रा प्रा वि तोलिगाँउ | सामुदायीक | आधारभुत (६-८) | कक्षा ५ | अनुमति दिने (कक्षा ५) | मिति २०८०।०२।०२ |

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ज्योति आ वि शिवनगर टीकापुर १ | सामुदायीक | आधारभुत (६-८) | कक्षा ५ | अनुमति दिने (कक्षा ५) | को बैठकले सिफारीस गरेको |
| ४ | मल्लिका विद्यापीठ गुरुकुल टीकापुर १ | सार्वजनिक शैक्षिक गुठि | आधारभुत (६-८) | कक्षा ३-५ | अनुमति दिने (कक्षा ३ मात्र) | |
| ५ | लिटिल स्टेप डे केयर एण्ड स्कुल टीकापुर १ | नीजि गुठि | आधारभुत (६-८) | कक्षा १ | अनुमति दिने (कक्षा १) | |
| ६ | ज्ञानी पाठशाला टीकापुर-१ | संस्थागत | आधारभुत (६-८) | कक्षा ६ | अनुमति दिने (कक्षा ६) | |
| ७ | कैलाशेश्वर वेद विद्याश्रम टीकापुर १ कैलाली | सार्वजनिक शैक्षिक गुठि | आधारभुत (६-८) | कक्षा ८ | अनुमति दिने (कक्षा ८) | |
| ८ | सरस्वति पुर्व प्रा वि टीकापुर १ | सामुदायीक | आधारभुत (६-८) | कक्षा १ | अनुमति दिने (कक्षा १) | |
| ९ | सिद्धि विनायक इ बो टीकापुर ४ | संस्थागत | आधारभुत (६-८) | कक्षा ७ | अनुमति दिने (कक्षा ७) | |

१५ औं कार्यपालिका बैठकको निर्णय

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल



Scanned with CamScanner